"समृद्ध आमचोक गाउँपालिका: सुखी र सुसंस्कृत आमचोकवासी"

# आमचोक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बालंखा, भोजपुर

प.सं.: २०८२/०८३
च.नं. १५४६

नेपाल सम्वत: ११४६

मिति:२०८३।०३।२९

**विषय: सम्पत्ति विवरण पेश गर्ने सम्बन्धमा।**

श्री जनप्रतिनिधीहरु(सबै),
श्री गाउँ कार्यपालिकाको कार्यालयका कर्मचारी(सबै),
श्री वडा कार्यालय(सबै),
श्री स्वास्थ्य चौकीका कर्मचारी(सबै)।

प्रस्तुत विषयमा भ्रष्टाचार निवारण ऐन,२०५९को दफा ५०(१), अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८को दफा ३१(क)को उपदफा (१) र स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन,२०८०को दफा ८४ बमोजिम सार्वजनिक पदधारण गरेका पदाधिकारी र कर्मचारीले आर्थिक वर्ष समाप्त भएको ६० दिन भित्र सम्पत्ति विवरण बुझाउनु पर्ने व्यवस्था भए अनुसार **भाद्र मसान्तभित्र** माथिल्लो निकायमा पेश गरिसक्नु पर्ने अवधिलाई समेत मध्यनजर गरी आगामी **साउन मसान्तभित्र** तपसिल बमोजिम विवरण भरी बुझाउनका लागि अनुरोध गरिन्छ।

**तपसिल:**

१. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना बमोजिम सम्पत्ति विवरण फारम **४•९ ईन्चको खाम** बाहिर देहायको ढाँचामा विवरण उल्लेख गरी पठाउनु पर्नेछ।

आ.व. २०८२/८३ को सम्पत्ति विवरण (कर्मचारीका लागि)

| | |
|---|---|
| क. कर्मचारीको संकेत नम्बर: | ङ. श्रेणी/तह: |
| ख. नाम,थर: | च. कार्यरत कार्यालय: |
| ग. पद/दर्जा: | छ. मोबाइल नं.: |
| घ. सेवा/समूह: | ज. ई-मेल ठेगाना: |

आ.व. २०८२/८३ को सम्पत्ति विवरण (जनप्रतिनिधीका लागि)

| | |
|---|---|
| क. नाम,थर: | ङ. पद: |
| ख. प्रदेश: | च. वडा नं.: |
| ग. जिल्ला | छ. मोबाइल नं.: |
| घ. स्थानीय तह: | ज. ई-मेल ठेगाना: |

प्रमुख प्रशासकीय अधिकृत

www.aamchokmun.gov.np
lto.aamchokmun@gmail.com
https://www.facebook.com/AamchokGaunpalikaBhojpur/
9852081336

२. साविकमा सरकारी सेवामा कार्यरत रही कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम यस गाउँपालिकामा समायोजन भएका सरकारी कर्मचारीहरुले साविक बमोजिम नै राष्ट्रिय किताबखाना (निजामती)मा नै सम्पत्ति विवरण बुझाउनु पर्नेछ।

३. लोक सेवा आयोगबाट आ.व. २०७५/७६मा भएको विज्ञापन वा सो भन्दा पछि भएको विज्ञापन अनुसार सिफारिस भई नियुक्ति भएका कर्मचारीहरुले यस गाउँकार्यपालिकाको कार्यालयमा सम्पत्ति विवरण बुझाउनु पर्नेछ।

४. कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम यस गाउँपालिकामा समायोजन भएका अन्य सेवाका कर्मचारीहरुले कर्मचारी संकेत नं प्राप्त गरेका वा नगरेका भएता पनि यस गाउँकार्यपालिकाको कार्यालयमा तोकिएको समयभित्र सम्पत्ति विवरण बुझाउनु पर्नेछ।

५. अध्ययन, असाधारण र अन्य विदा, तालिम, काज वा निलम्बनमा रहेका कर्मचारीले समेत सम्पत्ति विवरण बुझाउनु पर्नेछ।

६. तोकिएको समयभन्दा पछि प्राप्त भएको सम्पत्ति विवरणलाई प्राप्त नभए सरह मानी अभिलेख राखिने छैन र **तोकिएको म्यादभित्र सम्पत्ति विवरण पेश नगर्ने कर्मचारीलाई १०,०००(दश हजार) जरीवाना हुने बेहोरा समेत जानकारी गराईन्छ।**

**नोटः बन्दी खाम गर्दा प्लासटिक कोटेट खाम प्रयोग गर्नुहुन अनुरोध छ।**

बोधार्थः

श्री सूचना तथा प्रविधि शाखाः Website तथा Facebook page मा अपलोड गर्नुहुन।

...................................
जनक बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत